"विदेशिय व्यापारिक नगर : समृद्ध गल्छी शहर"

स्थानीय सरकार

# गल्छी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बैरेनी, धादिङ

बागमती प्रदेश, नेपाल

पत्र संख्याः १/०८३/८४ म.बा.शा

चलानी नंः

मितिः २०८३/०५/०२

ने. सं. ११४६ गुंलथ्व षष्ठी

## चौथो तीज विशेष उद्यमशील एक्स्पो तथा व्यापार मेला—२०८३ मा सहभागिताका लागि सूचना

गल्छी गाउँपालिका क्षेत्रभित्र रहेका महिला समूह, आमा समूह, महिला उद्यमी समूह, उद्यमी तथा सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

चितवन उद्योग संघ, महिला उद्यमी मञ्चको आयोजनामा महिला उद्यमीहरूद्वारा उत्पादित स्थानीय वस्तु तथा सेवाको प्रदर्शनी एवं प्रवर्द्धन, महिला उद्यमशीलता विकास, रोजगारी सिर्जना तथा स्थानीय उत्पादनको बजारीकरण गर्ने उद्देश्यले **"चौथो तीज विशेष उद्यमशील एक्स्पो तथा व्यापार मेला—२०८३"** आयोजना हुन गइरहेको छ।

उक्त कार्यक्रममा तीज पर्वको मौलिकता तथा सांस्कृतिक गरिमा झल्कने गरी **"कृष्ण भजन प्रतियोगिता"** तथा **"उद्यमशीलता र रोजगार, प्रवर्द्धनमा स्थानीय सरकार"** विषयक **खुला तीज गीत प्रतियोगिता** समेत आयोजना गरिने भएकोले गल्छी गाउँपालिका भित्रका इच्छुक महिला समूह, आमा समूह, उद्यमी समूह तथा सरोकारवाला समूहहरूले मिति **२०८३/०५/०५ गते भित्र चितवन उद्योग संघ, चितवन प्रदर्शनी केन्द्र, भरतपु-१०, चितवनमा** नाम दर्ता गराई प्रतियोगितामा सहभागी हुनुहुन चितवन उद्योग संघको पत्रानुसार हार्दिक अनुरोध गरिन्छ।

**<u>प्रतियोगिता सम्बन्धी विवरण</u>**

१. **कृष्ण भजन प्रतियोगिता**
- **मितिः** २०८३ साल भाद्र १९ गते, शुक्रबार (कृष्ण जन्माष्टमी)
- **समयः** बिहान १०:०० बजेदेखि
- **स्थानः** चितवन उद्योग संघ/चितवन प्रदर्शनी केन्द्र, भरतपुर—१०, चितवन

२. **खुला तीज गीत प्रतियोगिता**
- **विषयः** "उद्यमशीलता र रोजगार, प्रवर्द्धनमा स्थानीय सरकार"
- **मितिः** २०८३ साल भाद्र २० गते, शनिबार
- **समयः** बिहान ९:०० बजेदेखि
- **स्थानः** चितवन उद्योग संघ/चितवन प्रदर्शनी केन्द्र, भरतपुर—१०, चितवन

साथै, स्थानीय महिला उद्यमी तथा स्थानीय उत्पादनको प्रवर्द्धनका लागि आयोजना हुने एक्स्पो तथा व्यापार मेलामा सहभागी भई आफ्ना उत्पादनको **प्रदर्शनी तथा बजारीकरण गर्ने अवसर** समेत रहेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

प्रतियोगिताको विस्तृत विवरण तथा नियमहरूका लागि आयोजक **चितवन उद्योग संघ, महिला उद्यमी मञ्च**सँग सम्पर्क गर्न सकिनेछ।

**सम्पर्क नं.:** ९७६७२१९६०७, ९८५५०१६४७२, ९८५५०३३५५३

**इमेलः** chitwanexpo@gmail.com, acibharatpur@gmail.com

.....................................

पुर्ण प्रसाद दुलाल

प्रमुख प्रशासकीय अधिकृत

पूर्ण प्रसाद दुलाल

प्रमुख प्रशासकीय अधिकृत